# National News
# ALL INDIA RADIO GANGTOK

BROADCAST: 19:25 hrs　　　　　　　　　　　　　　　　　　　　Date: 03.04.2025

आकाशवाणी

प्रमुख समाचार-

- भारत र थाइलैण्डले आज सूचना प्रोद्योगिकी समुद्री, सूक्ष्म, लघु र महयम उद्यम, हस्तशइल्प अनि हतकरधा लगायत विभिन्न क्षेत्रमा सहयोगका लागि, छ वटा  समझौताहरूमा हस्ताक्षर गरेका छन् ।
- वक्फ संशोधन विधेयक, 2025 बारे राज्यसभमा चर्चा जारीछ ।
- रक्षा मन्त्री राजनाथ सिंहले वर्तमान भू रणनीतिक अनिश्चितताहरूको मध्येनजर सशस्त्र बलहरूको दीर्घकालिक र अन्पकालिक चुनौतिहरूका लागि तयार रहने आवश्यकतामा जोढ़ दिनुभएकोछ ।
- विकसित भारत युवा संसद 2025 मा सिक्किमकी तीन प्रतियोगीहरूले ज नयाँ दिल्ली स्थित संसदको केन्द्रिय हलमा सम्पन्न प्रतियोगितामा राज्यको प्रतिनिधित्व गरे ।
- IPL क्रिकेटमा कोलकाताको Eden Gardens मा, Sunrisers Hyderabad र वर्तमान चैम्पियन Kolkata Knight Riders  बीच आज भीड़न्त हुन्दैछ ।

## सर्वोच्च न्यायालय- पश्चिम बंगाल शिक्षक

सर्वोच्च न्यायालयले आज पश्चिम बंगालका स्कूलहरूमा पच्चीस हजार भन्दा बढ़ि शिक्षक तथा अन्य कर्मचारीहरूको नियुक्तिलाई अमान्य ठहर गर्ने कलकत्ता उच्च न्यायालयको निर्णयलाई कायम राखेकोछ । शीर्श अदालतले सम्पूर्ण चयन प्रक्रियामा धोखाधड़ी भएको र यसको विश्वसनीयता तथा वैधता सकेको भनेकोछ । भारतका मुख्य न्यायाधीश संजीव खन्ना र न्यायमूर्ति संजय कुमारको पीठले पश्चिम बंगालका स्कूलहरूमा नया चयन प्रक्रिया पश्चिम तीन महिना भित्र पूरा हुनुपर्ने भनेकोछ । यस प्रक्रियामा, निर्दोष उम्मेदवारहरूका लागि छूट पनि दिइनु सकिन्छ । अदालातले मानवीय आधारमा दिब्याङ कर्मचारीहरूलाई छूट दिँदै, उनीहरूको नौकरी सुरक्षित रहने भनेकोछ ।

## आई पी एल- टी 20

आई पी एल क्रिकेटमा कोलकाताको Eden Gardens मा Sunrisers Hyderabad र वर्तमान चौम्पियन Kolkata Knight Riders बीच भीड़न्त भई रहेकोछ । तालिकामा Punjab Kings अहिले शीर्षमा छ, त्यसपछी Delhi Capitals दोस्रो अनि Royal Challengers Bangalore तेस्रो स्थानमा रहेकोछ ।

## हँकी- इंडिया

पंद्रहवौ हँकी इंडिया सीनियर पुरूष राष्ट्रीय चैम्पियनशीप भोलि देखि उत्तरप्रदेशको झांसी स्थित मेजर ध्यानचन्द हँकी स्टेडियममा शुरू हुने भएकोछ । टुर्नामेन्ट, 15 अप्रैल सम्म चल्नेछ । यसमा 30 टीमहरूले भाग लिनेछन् जसलाई तीन ग्रुपहरू A,B, र C मा बांडिनेछ । टुर्नामिन्टको पहिलो दिन, हँकी राजस्थान, त्रिपुरा हँकीसित भिड़नेछ भने, हँकी अरूणाचलको मुकाबिला हँकी जम्मू- कश्मीरसित, छत्तीसगढ़ हँकीको मुकाबिला हँकी गुजरातसित र हँकी हिमाचलको सामना हँकी एसोसिएशन अँफ बिहारसित हुनेछ ।

## संशो प्रधानमन्त्री थाइलैण्ड यात्रा

भारत र थाइलैण्डले आज सूचना प्रोद्यौगिकी समुद्रीक, एम एस एम ई, हतकरदा, र हस्तशिल्प लगायत विभिन्न क्षेत्रहरूमा सहयोग संबधी छ वटा समझौताहरूमा हस्ताक्षर गरेकाछन् । प्रधानमन्त्री नरेन्द्र मोदी र थाइलैण्डकी प्रधानमन्त्री पैतोंगतान शिनावात्रा बीच दिपक्षीय वार्ता पछी समझौताहरूको आदान प्रदान भएको हो । दुवै पक्षहरूले दिपक्षीय संबधहरूका संपूर्ण पक्षका प्रगति समीक्षा गर्दै भारत- थाइलैण्ड दिपक्षीय सहभागितालाई बढ़ि- गति प्रदान गर्ने तरीकाहरू बारे छलफल गरे अनि क्षेत्रीय तथा बहुपक्षीय

मामिलाहरूबारे विनाशहरूको आदान- प्रदान गरे। प्रधानमन्त्री मोदीलाई ओपचारिक गार्ड अफ ओनोर दिइएको थियो। श्री मोदीले भन्नुभयो, थाइलैण्डको भारतको ACT-East नीति हिन्द प्रशान्त दृष्टिकोणमा विशेण स्थानछ।

छैठौं बिमस्टेक शिखर सम्मेलनमा भाग लिनु, श्री नरेन्द्र मोदी, थाइलैण्डको दुई दिवसीय यात्रामा हुनुहुन्छ। आज बिहान थाइलैण्डमा उहाँको आगमनको बेला, उप प्रधानमन्त्री तथा परिवहन मन्त्री सूर्य जंगरांग रयांगकीत ले हवाई अड्डामा उहाँको स्वागत गर्नुभएको थियो। छैठौं बिमस्टेक शिखर सम्मेलनको विषय – समृध्द, लचीलो र मुक्त रहेकोछ। शिखर सम्मेलनमा बैंकाँक विजन 2030 लाई अपनाईनेछ र बिमस्टेकको भविष्यको दिशा निर्धारित गर्नका लागि बिमस्टेक प्रख्यात ब्यक्तिहरूका समूहको रिर्पोट पनि स्वीकृत गरिनेछ। बिमस्टेक शिखर सम्मेलनमा भाग लिएपछी, प्रधानमन्त्री मोदी, राष्ट्रपति अनुरा कुमार दिसानायकेको निमन्त्रणमा भोलि तीन दिने राजकीय यात्रामा श्रीलंका जानुहुनेछ।

---

राजनाथ अभियान

रक्षा मन्त्री राजनाथ सिंहले आज नयाँ दिल्लीको South Block बाट Mount Everest अर्धत सगतमाधा र mount कंचनजंगाका लागि अभियानहरूलाई हरियो झण्डा देखी शुभारंभ गर्नु भयो। पर्वतारोहीहरूसित कुराकानी गर्दै श्री सिंहले उनीहरूको साहस, समर्पण र दृढ़ संकल्पको प्रशन्सा गर्नुभयो। माउंट कंचनजंगामा विजय प्राप्त गर्ने उद्देश्य रहेको संयुक्त भारत- नेपाल अभियानमा भारतीय सेनाका 12 पर्वतारोही र नेपाली सेनाका छ पर्वतारोही शामेल हुनेछन्।

उत्तराखण्ड धाम

उत्तराखण्डको उत्तरकाशी जिल्लामा स्थित यमुनेत्री धामको कपार 30 अप्रैल अक्ष्य तृतीपारा दिन श्रद्धालुहरूका लागि खोलिनेछन्। गंगोत्रीका कपाट पनि सोही दिन, श्रद्धालुहरूका लागि खोलिनेछन् भने, केदारनाथ धामको कपाट दुई मई र बद्रीनाथ धामका कपाट 4 मईमा खोलिनेछ।

---

लोकसभा- राहुल- अनुराग

लोकसभामा विपक्षका नेता राहुल गाँधीले आज चीनका साथ वास्तविक नियन्त्रण रेखा र अमेरीकाले भारतमाथि लगाएको जवाबी शुल्कको मुद्दा उठाउनुभयो।

शून्यकालको बेला, श्री गांधीले भन्नुभयो, यथस्थिति कायम रहनुपर्छ अनि भारतलाई उसको जमीन फर्काउनुपर्छ जवाबी शुल्कबारे श्री गान्धीले यस फैसलाले आँटो र औषधि उद्योग साथ साछै कृषि पनि प्रभावित हुनेछ। उहाँले सरकारसित,अमेरीका को फैसलाबारे आफ्नो अढ़ान स्पष्ट पार्न भन्नुभयो। श्री गांधीलाई जवाफ दिँदै भाजपाका अनुराग ठाकुरले काँग्रेस माथि डोकलाग घटनाको बेला, भारतीय सेनाको समर्थन गर्ने आरोप जगाउनुभयो।

मुक्केबाजी

मनीष राठौड़, हितेश र अभिनाश जागवाल आ- आफ्नो ओजन वर्गमा जीतका साथ विश्व मुक्केबाजी कप, ब्राजील को सेमिफाइनलमा पुगेकाछन्।

---

राज्यसभा- वक्फ

वक्फ संशोधन विधेयक, 2025 बारे राज्यसभामा चर्चा जारी छ। विधेयकको उद्देश्य वक्फ संपत्तिहरूको प्रवन्धनलाई सुत्यवस्थित गर्नु हो जसमा विकासत स्थलहरूको सुरक्षा र सामाजिक कल्याणलाई बढ्वा दिने प्रावधान छ। विधेयकमा मुस्लिम महिलाहरू, विशेषगरि विधवा र तलाक भएका महिलाहरूको आर्थिक तथा सामाजिक स्थितिमा सुधार गरिने प्रयास पनि गरिएकोछ। लोकसभाले गए राति, विधेयक पारित गरेको थियो।

युथ पार्यल्यामेण्ट

विकसित भारत युवा संसद 2025- मा सिक्किमका तीन प्रतियोगी सुश्री स्तुति प्रधान, सुश्री केजिया छेत्री अनि सुश्री स्मर्ना लेप्चाले आज नयाँ दिल्लीस्थित संसदको केन्द्रिय हलमा सम्पन्न प्रतियोगितामा राज्यको प्रतिनिधित्व गरे। भारत सरकारको खेलकूद तथा युवा मामिला मन्त्रालयद्वारा आयोजित यस राष्ट्रियस्तरको प्रतियोगितामा देशभरिबाट प्रतिभाशाली युवाहरू चयनित भएका थिए।

---

रक्षामन्त्री- सेना

रक्षामन्त्री राजनाथ सिंहले वर्तमान भू- रणनीतिक अतिशचितताहरूको मध्येनजर सशस्त्र बलहरूलाई दीर्घकालिक र अल्प कालिक चुनौतिहरूका लागि तयार रहने आवश्यक्तामा जोढ़ दिने सम्मेलनमा उहाँले यसो भन्नुभएको हो। श्री सिंहले, हाईब्रिड युद्ध लगायत- गैर परम्परागत युद्ध भविश्यमा पारम्परिक युद्धहरूको भाग हुने भन्नुभएकोछ। साइबर, सूचना, संचार, ब्यापार र वित्त सबै भविष्यका संघर्षहरूको अविभाज्य अंग बनेको उहाँले भन्नुभयो। ले वर्तकार्यक्रममा भारतीय सेनाका शीर्ष नेतृत्व सुरक्षा परिदृस्य सीमा सिंह भीटरी इलाकाहरू र वर्तमान सुरक्षा व्यवस्थाका लागि चुनौतिहरूका सबे पक्षहरूबारे ब्यापक विचार विमर्श गरेका थिए।

लोकसभा त्तीय विधेयक

लोकसभाले ततीय वौवहन विधेयक, 2024 पारित गरेकोछ। विधेयक अन्तर्गत, ततीय जलको अर्थ भारतको भूभारतीय समुद्र साथै समुद्री क्षेत्र पनि हो।

---

अन्त्यमा प्रमुख समाचार पुन एकपल्ट

- भारत र थाइलैण्डले आज सूचना प्रोद्योगिकी समुद्री, सूक्ष्म, लघु र महयम उद्यम, हस्तशइल्प अनि हतकरधा लगायत विभिन्न क्षेत्रमा सहयोगका लागि, छ वटा समझौताहरूमा हस्ताक्षर गरेका छन्।
- वक्फ संशोधन विधेयक, 2025 बारे राज्यसभमा चर्चा जारीछ।
- रक्षा मन्त्री राजनाथ सिंहले वर्तमान भू रणनीतिक अनिश्चितताहरूको मध्येनजर सशस्त्र बलहरूको दीर्घकालिक र अन्पकालिक चुनौतिहरूका लागि तयार रहने आवश्यकतामा जोढ़ दिनुभएकोछ।
- विकसित भारत युवा संसद 2025 मा सिक्किमकी तीन प्रतियोगीहरूले ज नयाँ दिल्ली स्थित संसदको केन्द्रिय हलमा सम्पन्न प्रतियोगितामा राज्यको प्रतिनिधित्व गरे।
- IPL क्रिकेटमा कोलकाताको Eden Gardens मा, Sunrisers Hyderabad र वर्तमान चैम्पियन Kolkata Knight Riders बीच आज भीड़न्त हुन्दैछ।